जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## बैठक नं. ९

आज मिति २०८२ साल फाल्गुण २७ गते बुधबारका दिन दिउँसो ३:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :-**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री तेज बहादुर रावल | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री भानुभक्त भट्ट | सचिव | |

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. १ :- अति विपन्न तथा सिमान्तकृत समुदायका लागि नमुना आवास कार्यक्रम कार्यान्वियन सम्बन्धमा।**

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा जानकी गाउँपालिकाको अति विपन्न तथा सिमान्तकृत समुदायका लागि नमुना आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम कार्यक्रममा सहभागी हुन प्रकाशित सूचना बमोजिम सम्वन्धित वडा कार्यालयमा पेश हुन आएका आवेदनको आधारमा वडा कार्यालयले लाभग्राहीहरुको प्राथमिकीकरण गरी यथाशिघ्र गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो साथै उक्त कार्यक्रम कार्यान्वयनको लागि मौजुदा बजेट अपुग हुने भएकोले अपुग बजेट देहाय बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो।

तपसिल:-

| १ | २ | ३ | ४ | ५ | ६ | | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | साविकको आयोजनाबाट रकमान्तर भएको रकम | संसोधित आयोजना मा विनियोजित रकम रु. | आयोजना स्थल | आयोजना कार्यान्वयन विधि | कैफियत |
| १. | अति विपन्न तथा सिमान्तकृत समुदायका लागि नमुना आवास कार्यक्रम | ९२,००,०००/- | १. | अति विपन्न तथा सिमान्तकृत समुदायका लागि नमुना आवास कार्यक्रम | ९२,००,०००/- | १,०८,००,०००/- | जानकी गाउँपालिका | बोलपत्र | |
| २. | दुर्गौली बजारमा अवस्थित Divider घेराबार तथा वृक्षरोपण | १४,३१,७५०/- | | | १४,००,०००/- | | | | साविकको आयोजनामा ३१,७५०/- बाँकी |
| ३. | टीकापुर-इुडेझरी-जनता आ.वि. हुँदै बक्लौहवा जोड्ने सडक कालोपत्रे वडा नं. ९ | ४५,००,०००/- | | | २,००,०००/- | | | | साविकको आयोजनामा ४३,००,०००/- बाँकी |

**प्रस्ताव नं. २ :- कार्यक्रम निर्देशक समिति गठन सम्बन्धमा।**

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा जानकी गाउँपालिकाको अति विपन्न तथा सिमान्तकृत समुदायका लागि नमुना आवास कार्यक्रम कार्यान्वियन सम्बन्धी नीतिगत तथा कार्यान्वयन सम्बन्धी निर्णय गर्न जानकी गाउँपालिकाको अति विपन्न तथा सिमान्तकृत समुदायका लागि नमुना आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा १० बमोजिम तपसिल बमोजिमको कार्यक्रम निर्देशक समिति गठन गर्ने निर्णय गरियो।

तपसिल:-

| क्र.सं. | कार्यविधिमा भएको व्यवस्था | पद | पदाधिकारीको नाम थर | कैफियत |
|---|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | अध्यक्ष | गणेश चौधरी | |
| २. | गाउँपालिका उपाध्यक्ष | सदस्य | लालमति देवी कठरिया | |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | भानुभक्त भट्ट | |
| ४. | कार्यपालिकाको पूर्वाधार विकास समिति संयोजक | सदस्य | इन्द्र चौधरी | |
| ५. | गा.पा. अध्यक्षले तोकेको एक जना महिला कार्यपालिका सदस्य | सदस्य | पार्वती देवी डगौरा थारु | |
| ६. | पूर्वाधार शाखा प्रमुख | सदस्य | योगेन्द्र शाही | |
| ७. | नमुना आवास कार्यक्रम फोकल पर्सन | सदस्य-सचिव | विपिन चौधरी | |

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

CamScanner

**प्रस्ताव नं. ३ :- सामुदायिक छाडा पशु चौपाया व्यवस्थापनको लागि टीकापुर नगरपालिकालाई रकम भुक्तानी गर्ने सम्बन्धमा।**

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गतका सामुदायिक छाडा पशु चौपायाहरुलाई टीकापुर-२, सितापुर स्थित गौशालामा राखी व्यवस्थापन गर्न जानकी गाउँपालिका र टीकापुर नगरपालिका बीच मिति २०८०/०९/२२ गते भएको द्विपक्षीय सम्झौता बमोजिम चालु आ.व. २०८२/०८३ को लागि रकम रु. ५,००,०००।– (अक्षेरुपी पाँच लाख मात्र ।) टीकापुर नगरपालिकालाई भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :- कर्मचारीहरुको कार्यसम्पादन सम्पादन सम्बन्धमा ।**

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिका अध्यक्षज्यू र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा/इकाई प्रमुख बीच भएको कार्यसम्पादन सम्झौता बमोजिम आ.व. २०८२/०८३ को हालसम्म भए/गरेको कार्यहरुको प्रगति समिक्षा गरियो र आगामी दिनहरुमा गर्नुपर्ने कार्यहरु समयमा सम्पन्न गर्न आवश्यक सुझाव तथा निर्देशन गरियो ।

**प्रस्ताव नं. ५ :- शिक्षकहरुको कार्यसम्पादन सम्पादन सम्बन्धमा ।**

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा जानकी गाउँपालिका र गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु बीच भएको कार्यसम्पादन सम्झौता बमोजिम शैक्षिक सत्र २०८२ को हालसम्म भए/गरेको कार्यहरुको प्रगति समिक्षा गरियो ।

**प्रस्ताव नं. ६ :- कृषि अधिकृत लालबिर चौधरीको तलबी अध्ययन बिदा स्वीकृतको लागि सिफारिस गर्ने सम्बन्धमा।**

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस जानकी गाउँपालिकामा कृषि अधिकृत पदमा कार्यरत श्री लालविर चौधरी (क.सं.नं. २०१६०७) ले मिति २०८२/११/२७ गते गाउँ कार्यपालिका समक्ष पेश गर्नुभएको निवेदन अनुसार निज सुदूरपश्चिम विश्वविद्यालय, कृषि विज्ञान संकायले संचालन गरेको कृषि स्नातकोत्तर तह (M.Sc.Ag.) को प्रवेश परीक्षामा उत्तीर्ण भई अध्ययनको लागि तलबी अध्ययन विदाको लागि निवेदन पेश गर्नुभएको र उक्त डिग्री निज कार्यरत सेवा, समूहको लागि अति उपयोगी रहेको हुँदा निजको २(दुई) वर्ष तलबी अध्ययन बिदा स्वीकृतको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेशमा सिफारिस गर्ने निर्णय गरियो ।

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

CamScanner

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुगौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ७ :- आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यन्वयन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ७ :-** प्रस्ताव नं. ७ माथि छलफल गर्दा वडा कार्यालयहरुको आयोजना कार्यान्वियनको अवस्थाको समिक्षा र आवश्यकतालाई मध्यनजर गरी आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वियन गर्ने निर्णय गरियो ।

**तपसिल :-**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | कैफियत |
| १. | गरिब विपन्न बालबालिकाहरुलाई शैक्षिक सामाग्री वितरण कार्यक्रम | ५०,०००।- | १. | अति गरिब तथा टुहुरा बालबालिकाहरुलाई शैक्षिक पोशाक वितरण कार्यक्रम | जानकी-३ | ५०,०००।- | कार्यालय/ सोझै खरिद | |
| २. | सखिया, चिरै, भजहर कार्यक्रम | ७०,०००।- | २. | सखिया, चिरै, भजहर/साँस्कृतिक सामाग्री वितरण कार्यक्रम | जानकी-३ | ७०,०००।- | कार्यालय/ सोझै खरिद | |

**प्रस्ताव नं. ८ :- सडक मर्मत संभार आयोजना स्वीकृत तथा कार्यान्वियन सम्बन्धमा ।**

**निर्णय नं. ८ :-** प्रस्ताव नं. ८ माथि छलफल गर्दा सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौँ र यस जानकी गाउँपालिकाको लागत साझेदारी (सडक बोर्ड नेपाल-७०% र जानकी गा.पा.-३०%) मा तपसिल बमोजिमको सडक मर्मत संभार आयोजना स्वीकृत तथा कार्यान्वियन गर्ने निर्णय गरियो।

**तपसिल :-**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|
| क्र. स. | आयोजनाको नाम | सडक बोर्ड नेपालबाट स्वीकृत रकम रु. | गाउँपालिकाको लागत साझेदारी रकम रु. (३०%) | आयोजनाको कुल लागत रकम रु. | आयोजना स्थल | आयोजना कार्यान्वयन विधि | कैफियत |
| १. | तोरैयापुर-धर्मापुर सडक मर्मत | ५,०००००।- | १,५०,०००।- | ६,५०,०००।- | जानकी-१ | कार्यालय/ सोझै खरिद | |

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टुँगोली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ९ :- महेन्द्र शिशु माध्यमिक विद्यालयको पुस्तकालयको भौतिक व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस जानकी गाउँपालिका वडा नं. ६ धर्मापुर स्थित श्री महेन्द्र शिशु माध्यमिक विद्यालयको प.सं. २०८२/०८३, च.नं. ११७, मिति २०८२/१०/०८ गतेको पत्रबाट विद्यालयको पुस्तकालयको भौतिक व्यवस्थापन गरिदिन सहयोगको लागि अनुरोध भई आएको हुँदा उक्त विद्यालयको पुस्तकालयको भौतिक व्यवस्थापनको लागि आगामी गाउँ सभाबाट अनुमोदन हुने गरी तपसिल बमोजिम आयोजना/कार्यक्रम संशोधन गरी बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

तपसिल:

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | कैफियत |
| १. | उपभोक्ता समिति अभिमुखीकरण | १,००,०००।- | १. | महेन्द्र शिशु मा.वि.को पुस्तकालयको च्याक निर्माण | जानकी-६ | १,००,०००।- | कार्यालय | |

**प्रस्ताव नं. १० :- आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

निर्णय नं. १० :- प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँ कार्यपालिका समक्ष विभिन्न मितिमा प्राप्त हुन आएका आर्थिक सहयोग सम्बन्धी निवेदन उपर जाँचबुझ गर्दा आर्थिक सहयोग मागको कारण मुनासिव देखिएकोले तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :-

| सि.न. | व्यक्ति/संस्थाको नाम, ठेगाना | आर्थिक सहयोग रकम रु. | बजेट श्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | सावित्री देवी टमट्टा, जानकी-५, कैलाली | १५,०००।- | अन्य सामाजिक सहायता | ५ नं. वडा कार्यालयको प.सं. २०८२/०८३, च.नं. ६१९, मिति २०८२/०८/१७ गतेको सिफारिस पत्रानुसार मुटु सम्बन्धी समस्याको उपचार गर्न सहयोग। |
| २. | अक्षय चौधरी, जानकी-८, कैलाली | ७,५००।- | | मोटरसाईकल दुर्घटना भई उपचार गराउन। |

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

जानकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, ..., कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ११ :- आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यन्वयन गर्ने सम्वन्धमा ।**

**निर्णय नं. ११ :-** प्रस्ताव नं. ११ माथि छलफल गर्दा भौतिक पूर्वाधार अन्तर्गत पुँजीगत क्षेत्र तर्फको आयोजना कार्यान्वियनको प्रगतिको समिक्षा र आवश्यकतालाई मध्यनजर गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल वमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :-

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| सा. क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | साविकको आयोजनावाट रकमान्तर रकम रु. | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | कैफियत |
| १. | सब वाहन खरिद | ३०,००,०००।- | १. | महाप्रस्थान यान खरिद | ३०,००,०००।- | जानकी गाउँपालिका | ५०,००,०००।- | वोलपत्र | |
| २. | नयाँ लायकपुर-जगतपुर-मूर्तिया-कटासे हाईड्रोपावर हुँदै पूर्व पश्चिम राजमार्ग जोड्ने सडक कालोपत्रे-सङ्घीय सरकार समपूरक अनुदान लागत साझेदारी | २,०७,००,०००।- | | | २०,००,०००।- | | | | साविक आयोजनामा बाँकी रु.१,८७,००,०००।- |
| ३. | पदाधिकारी अन्य सुविधा | ७५,००,०००।- | २. | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५,००,०००।- | जानकी गाउँपालिका | ५,००,०००।- | कार्यालय | ७०,००,०००।- बाँकी |

२०८२।११।२८

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

CamScanner